जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.दु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २९४ २०८२ साल असार १६ गते सोमबार (30 June 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : वर्ष २०८१ का अकल्पनीयः ... ३ पृष्ठमा : नेपालको आर्थिक वृद्धिदर ... ३ पृष्ठमा :नाइट क्लबको छत ...

## बैदेशिक रोजगारीमा गएका २४ जनाले ज्यान गुमाए

**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

बैदेशिक रोजगारीमा गएका मध्येबाट एक वर्षको अवधीमा सप्तरीका दुई दर्जन ब्यक्तीहरुले ज्यान गुमाएका छन ।

राजविराज नगरपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीका लागी आयोजना गरेको पत्रकाहरुसंगको अन्तरक्रिया कार्यक्रममा यस्तो तथ्याङ्क सार्वजनिक गरिएको हो ।

आ.ब.२०८१/०८२ को जेठ महिना सम्मको अवधिमा सप्तरी जिल्लाबाट विभिन्न मुलुकमा रोजगारीका लागी २ सय २९ महिला र १६ हजार ८ सय ९३ पुरुष गरी कुल १७ हजार १ सय २२ जना जनशक्ती बाहिरिएको उल्लेख गरिएको छ । जसमध्ये २४ जनाको ज्यान गएको छ ।

यसरी ज्यान गुमाउनेहरुमा सप्तरीको खडक नगरपालिका, तिरहुत गाउँपालिका र रुपनी गाउँपालिकाका ३/३ जना छन । यस्तै डाक्नेश्वरी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका, महादेवा गाउँपालिका र बलान बिहुल गाउँपालिकाका २/२ तथा राजविराज नगरपालिका, सप्तकोशी नगरपालिका,



शम्भुनाथ नगरपालिका, राजगढ गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका १/१ जना नेपाली युवाले विदेशी भूमीमा ज्यान गुमाएको तथ्याङ्कले देखाएको छ ।

सुरक्षित आप्रवासन (सामी) का जिल्ला कार्यक्रम संयोजक राजेन्द्र कुमार यादवले यस अवधीमा वैदेशिक रोजगारीका नाममा विभिन्न ब्यक्ती, एजेन्ट र म्यानपावर कम्पनीहरुबाट ठगिने ब्यक्तीको संख्या ५ सय ९४ रहेको बताए । जसमध्ये आप्रवासी केन्द्रको पहलमा २ सय ४१ जनालाई न्याय दिलाउन सफल भएको र बाँकीका हकमा समेत आवश्यक पहल भइरहेको बताए ।

गत आर्थिक वर्ष २०८०/०८१ मा सप्तरीबाट रोजगारीका लागी १ सय ६३ महिला र १२ हजार ३ सय ९४ पुरुष गरी कुल १२ हजार ५ सय ५७ जना युवा जनशक्ती विदेशिएका थिए ।

कार्यक्रम संयोजक यादवले स्वदेश मै रोजगारीको अवसरमा सिर्जना गर्न तथा बैदेशिक रोजगारीमा जाने नै भए सहि सूचना तथा सीप सिकेर मात्र जानु पर्ने माहौल सिर्जनाका लागी केन्द्रले काम गरिरहेको स्पष्ट पारे ।

वैदेशिक रोजगारीलाई सुरक्षित र भरपर्दो बनाउन थालिएको यस्तो कार्यक्रमले वैदेशिक रोजगारीका क्रममा ठगिएका र अलपत्र परेका धेरै पीडितले राहत पाएको भन्दै उनले भविष्यमा यस्ता घटनाहरु दोहोरिन नदिन संचारकर्मीहरुले पनि आ-आफ्नो कलम मार्फत भुमिका खेल्नु पर्नेमा जोड दिए ।

## दुई मोटरसाईकल ठोकिएर सडकमा हुत्तिएका चालकको ट्रकले किचेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

मोटरसाइकल एक आपसमा ठोकिएर चालक सडकमा हुत्तिदा ट्रकले किचिएर ज्यान गएको छ ।

पुर्व पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको खडक नगरपालिका ७ विष्णपुर चौक नजिकै आईतवार दिउँसो भएको उक्त दुर्घट्नामा सोही पालिकाको वडा नं. ९ वस्ने ४५ वर्षिय दिपेन्द्र विश्वकर्माको ज्यान गएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतका अनुसार पुर्वबाट पश्चिम तर्फ जादै गरेका विश्वकर्मा चढेको प्रदेश १-०५-००१प.१५ नं. को मोटरसाइकल र विपरित दिशाबाट आउदै गरेको स.२प.१९८५ नं.को मोटरसाईकल एक आपसमा ठोकिएको थियो । सो क्रममा मोटरसाईकल अनियन्त्रित भई सडकमा बजारिएका विश्वकर्मालाई विपरीत दिशाबाट आउँदै गरेको मधेश प्रदेश ०१-००१ख.३६३ नं.को ट्रकले किच्दा उनको ज्यान गएको प्रहरीले जनाएको छ ।

ट्रक चालक हेटौडा उपमहानगरपालिका १५ वस्ने २९ वर्षिय राम कुमार श्रेष्ठ तथा अर्का मोटरसाईकल चालक खडक नगरपालिका ७ वस्ने ३८ वर्षिय भुपेन्द्र साहलाई नियन्त्रणमा लिइ घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## एकआपसमा मोटरसाइकल ठोकिदा बाबुछोरासहित तीनको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, १५ असार ।**

सुनसरीको रामधुनी नगरपालिका ७ चतरा-कान्छी चोक सडकखण्डमा मोटरसाइकल दुर्घटनाहुँदा बाबुछोरासहित तीनको मृत्यु भएको छ भने अन्य दुई जना

*बाँकी अन्तिम पृष्ठमा*

## रोपाईसँगै काँग्रेसद्वारा किसानको कार्यालय उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

धान दिवसको अवसरमा किसानका खेतमा रोपाइसंगै किसानहरुको संगठन कार्यालयको उदघाटन गर्दै नेपाली काँग्रेस सप्तरीले धान दिवस मनाएको छ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ पथरगाडामा आइतवार नेपाली काग्रेंसको अगुवाईमा किसानका खेतमा रोपाई तथा क्षेत्र नं.३ मा स्थापना गरिएको नेपाल किसान महासंघको क्षेत्रिय कार्यालयको उदघाटन गरी २२ औं धान दिवस मनाइएको हो ।

उक्त दुबै कार्यक्रम नेपाली काँग्रेसका तर्फबाट सप्तरी क्षेत्र नं.३ बाट निर्वाचित प्रतिनिधी सभासदस्य दिनेश कुमार यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

सो अवसरमा उनले कृषि उत्पादन बढाउने सन्देश तथा किसानहरुमा हौसला प्रदान गर्न यस्तो कार्यक्रममा सहभागी भएको बताए ।

"धानबाली सघनता : खाद्य सुरक्षा र आत्मनिर्भरता" भन्ने नाराका साथ उक्त कार्यक्रमको आयोजना गरिएको आयोजक नेपाल किसान महासंघ सप्तरीका अध्यक्ष रामलखन साहले बताए ।

धान दिवसमा आयोजित उक्त कार्यक्रममा नेपाली काँग्रेस मधेश प्रदेशका सहमहामन्त्री विन्दु यादव, नेपाल किसान महासंघ केन्द्रिय सदस्य अम्बुज प्रसाद सिंह, क्षेत्रिय सभापती भुपेन्द्र यादव, भागवत यादव, नगर समिती सभापती नारायण यादव, नेविसंघका जिल्ला अध्यक्ष राकेश ठाकुरका साथै ठूलो संख्यामा किसान र स्थानीयवासी सहभागी भए ।



## सम्पादकीय ....

### पानीको संरक्षण आवश्यक

पानी मानव देखि लिएर सम्पुर्ण जीवको बाँच्ने आधार हो । मानव सहित मात्र सम्पूर्ण जीव जगतको अस्तित्व नै पानीमा निर्भर छ । तर, विश्वको बढ्दो तापक्रम र लगातार भईरहेको जलवायु परिवर्तनको असरले आज विश्वभर पानीको संकट गहिरिंदो छ । नेपालजस्ता जलस्रोत सम्पन्न मुलुकहरूमा पनि सुरक्षित तथा स्वच्छ खानेपानीको अभाव छ । जलवायु परिवर्तन, जनसंख्या वृद्धिको दबाब, अन्धाधुन्ध शहरीकरण र जल स्रोतहरूको अव्यवस्थित दोहनले यो संकट झनै भयावह बन्दै गएको हो ।

पानीको संरक्षण अब केवल चेतना होइन, दायित्व हो । वर्षा पानी संकलन, सिँचाइमा आधुनिक प्रविधिको प्रयोग, पानीको दुरुपयोग नियन्त्रण, तथा वनजंगलको संरक्षणले पानीको दीर्घकालीन आपूर्ति सुनिश्चित गर्न सकिन्छ । यस्तै वर्षाका बेला पानीको रिचार्ज गर्ने र समुदायस्तरमै पानीको महत्वबारे सचेतना फैलाउनु अत्यन्त जरुरी छ । सरकारले दीगो जलनीति अवलम्बन गर्नु र पानीका संरक्षणमा स्थानीय तहलाई जिम्मेवार बनाउनु अहिलेको आवश्यकता हो ।

सामूहिक प्रयास विना पानीको संकट समाधान सम्भव छैन । आजको बचतले मात्र भविष्य सुरक्षित गर्न सक्छ । तसर्थ हामी सबै मिलेर भावि पुस्ताको जिवन सुरक्षित राख्नलाई अहिले नै पानीको संरक्षणमा जुट्न जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# असार १५ : उत्सवको हिलोमा किसानको आँसु



रमेश कुमार बोहोरा

असार १५ अर्थात् राष्ट्रिय धान दिवस नेपाली कृषि संस्कृतिको गहिरो प्रतीक मात्र होइन राष्ट्रिय आत्मासँग जोडिएको चेतनाको दिवस हो । दुर्भाग्य आज यो दिन कृषि नीति, किसानको अवस्था र खाद्य सुरक्षाप्रतिको राज्यको गम्भीरता परीक्षण हुने सट्टा हिलो खेल र पर्यटनको चहलपहलमा सीमित बन्दै गएको छ । भाषणमा कृषि प्राथमिकता भएजस्तो देखिए पनि व्यवहारमा भने किसानहरू वर्षेनि उही अभाव पीडा र उपेक्षासँग जुध्न बाध्य छन् ।

आर्थिक वर्ष २०८२/०८३ को बजेटले कृषि क्षेत्रका लागि ५२ अर्ब ७९ करोड रुपैयाँ मात्र विनियोजन गरेको छ जुन कुल बजेटको २.७ प्रतिशत जति हो । देशको ६० प्रतिशतभन्दा बढी जनसंख्या कृषिमा निर्भर रहँदा कृषि क्षेत्रमा यस्तो न्यूनतम विनियोजन हुनु आफैंमा गम्भीर प्रश्न हो के नेपालका लागि कृषि प्राथमिक क्षेत्र होइन त ? यो तथ्यले राज्यको नीति र व्यवहारबीचको गहिरो विरोधाभास उजागर गर्छ ।

मल, बीउ, सिंचाइ, बजारीकरण र भण्डारण जस्ता आधारभूत समस्या अझै समाधान हुन सकेका छैनन् । वर्षेनि किसानहरू मलको चरम अभाव भोगिरहेका छन् । असार १५ झनै विडम्बनाको दिन बन्छ जब उही दिन किसान मलको लाइनमा उभिन्छन् र रोपाइँ सर्न बाध्य हुन्छन् ।

धान दिवसको सांस्कृतिक पक्ष अत्यन्त महत्वपूर्ण छ । धान केवल खाद्यान्न मात्र होइन यो नेपाली समाजका हरेक सामाजिक संस्कार र जीवनशैलीसँग गाँसिएको छ । यति महत्वपूर्ण अन्नबालीको संरक्षणमा राज्य उदासीन देखिन्छ । नार्कको तथ्यांकअनुसार नेपालमा करिब २,००० जातका धान थिए तर अहिले सयौं लोप भइसकेका छन् । स्थानीय जात संरक्षणभन्दा विदेशी प्रयोगशालाबाट आयातित बीउ प्रवर्द्धन गरिँदा स्वाद, पोषण, विविधता र कृषि प्रणालीमै गम्भीर असर परेको छ ।

धान उत्पादनमा नेपाल पछाडि पर्दै गएको छ । वर्षेनि झण्डै ३० अर्ब रुपैयाँबराबरको चामल आयात हुनु केवल आर्थिक घाटा होइन खाद्य सम्प्रभुताको पराजय हो । नेपालको लगभग ३५ प्रतिशत खेतीयोग्य जमिनमा धानखेती हुने भए पनि उत्पादन बढ्न नसक्नु नीतिगत असफलताको उपज हो । सरकारको उत्पादन वृद्धि, मूल्य स्थायित्व, बीउ प्रविधि बैंकजस्ता घोषणाहरू व्यवहारमा सार्न सकिएको छैन ।

जलवायु परिवर्तनले स्थिति झनै कठिन बनाइरहेको छ । परम्परागत वर्षा चक्र अस्तव्यस्त छ । असार १५ मा पानी पर्ने ग्यारेन्टी छैन । कहिले खडेरी, कहिले बाढी यस्ता परिस्थितिमा किसान जात र बीउ छनोट गर्न समेत अलमलमा छन् । जलवायु अनुकूलन कार्यक्रम घोषणामै सीमित छन् । किसानलाई मौसम पूर्वानुमान, प्राविधिक सहायता, सहजीकरण पुग्दैन सरकारको गम्भीरताको अभाव झल्किन्छ ।

कृषिमा लगानी अभावको असर किसानको जीवनस्तरमा प्रत्यक्ष देखिन्छ । युवा जनशक्ति विदेश पलायन हुँदा वृद्ध, महिला र बालबालिकामा खेतीको बोझ पर्न थालेको छ । खेत जोत्न ट्रयाक्टर छैन, मल छैन, बीउ छैन उत्पादन भए पनि भण्डारण र मूल्यको ग्यारेन्टी छैन । यस्तो अवस्थामा 'कृषिको आधुनिकीकरण' भन्ने नाराको अर्थ नै रित्तो हुन्छ ।

धान उत्पादनको अन्तर्राष्ट्रिय सन्दर्भमा हेर्दा नेपाल थप विचलित देखिन्छ । एशियामा विश्वको ९१ प्रतिशत धान उत्पादन हुन्छ । चीन र भारत अग्रणी छन् । नेपालमा उत्पादन स्थिर छ जमिन खण्डीकरण र सहरीकरणले खेतीयोग्य जमिन मासिँदै गएको छ । उपत्यकाहरूमा धान खेत प्लटिङको सिकार बनेका छन् । योजनाविहीन सहरी विस्तारले खाद्य सुरक्षामा दीर्घकालीन संकट निम्त्याइरहेको छ ।

२०८२/०८३ को बजेटमा कृषि बीमा विस्तारको घोषणा गरिएको छ । तर अघिल्ला वर्षमा बीमा रकम नपाएको, प्रक्रियागत झमेला र ढिलासुस्तीका कारण किसानको विश्वास घटेको छ । बीमा संरचना किसानभन्दा बीमा कम्पनी र बैंकको पक्षमा केन्द्रित देखिन्छ । सहकारी सुधारको घोषणापनि यथार्थमा राजनीतिक हस्तक्षेप र अनियमितताको चपेटामा छन् ।

उत्पादन लागतमा नेपाल प्रतिस्पर्धा गर्न सक्ने स्थितिमा छैन । किसानले उत्पादन लागत उठाउन सक्दैनन् । सरकारले न्यूनतम समर्थन मूल्यको घोषणा त गर्छ तर त्यसको पालना हुँदैन । भण्डारण प्रणाली असफल छ बजारमा भारतलगायतका मुलुकबाट सस्तो चामल आउँदा नेपाली किसानले आफ्नो उत्पादन बेच्न नसक्ने स्थिति आउँछ । नीति भने आत्मनिर्भरताको भाषणमै सीमित रहन्छ ।

असार १५ अब राज्य र समाजका लागि विचार गर्ने समय हो हाम्रो कृषि कहाँ छ ? किसानको अवस्था किन उस्तै छ ? किन हामी अझै आत्मनिर्भर बन्न सकेका छैनौं ? हिलोमा रमाउने, दही-चिउरा खाने, सेल्फी खिच्ने कार्यक्रमले कृषि समस्या हल हुँदैन । असार १५ हाम्रो संस्कृति हो, चेतना हो, इतिहास हो तर यो चेतना तब मात्र सार्थक बन्छ जब व्यवहारमा सुधार गरिन्छ ।

असार १५ किसानको संघर्षको दस्तावेज हो । सरकारलाई चेतना दिनुपर्ने क्षण हो । अब भाषण होइन व्यवहारमै कृषि सुधार गरिनुपर्छ । नयाँ अनुसन्धान, स्थानीय जातको संरक्षण, जलवायु अनुकूल खेती, किसानमैत्री बीमा, बजार ग्यारेन्टी, युवा आकर्षण, भूमि सुधार र पारदर्शी सहकारी संरचना आवश्यक छन् । अन्यथा हरेक असार १५ मा हिलो रमाइलो बाहिर देखिनेछ भित्र किसानको आँसु लुकेको हुनेछ । यो विडम्बना हटाउन अब राज्यको सोच, नीति र कार्यान्वयनमै आमूल परिवर्तन आवश्यक छ । (लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# एसइई नतिजा सुधारका लागि सबै विकल्प अपनाऔं : प्रधानमन्त्री

काठमाडौँ, १५ असार (रासस) । प्रधानमन्त्री केपी शर्मा ओलीले यसपालिको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा निकै उत्साहजनक आएको बताउनुभएको छ ।

प्रधानमन्त्री ओलीले आइतबार श्रव्यदृश्य सन्देश जारी गर्दै नतिजा सुधारका लागि सबै विकल्प अपनाएको बताउनुभयो । उहाँले आफूले दृढ विश्वासका साथ संसद्मै यस वर्षको एसइई नतिजा सुधार्ने प्रतिबद्धता व्यक्त गरेको र सोही अनुसार सुधारका लागि सम्पूर्ण विकल्प अपनाएको बताउनुभयो ।

यस वर्ष करिब ६१.८१ प्रतिशत परीक्षार्थी उत्तिर्ण भएकामा खुसी व्यक्त गर्दै प्रधानमन्त्री ओलीले सबैलाई बधाई दिनुभएको छ । उहाँले गत वर्षको निराशाजनक नतिजाले सबैलाई चिन्तित तुल्याएको उल्लेख गर्दै नतिजा सुधार्न हरकुनाका विद्यार्थीसँग सिधै जोडिएर काम गरेको बताउनुभयो ।

"गत वर्षको निराशाजनक नतिजाले हामी सबैलाई चिन्तित तुल्याएको थियो । परिमाण हेर्दा अनुत्तीर्ण हुनेमा प्रायः जसो दुर्गम क्षेत्रका विद्यार्थी रहेका पायौं । हुन त चुनौती थुप्रै थिए । समय थोरै थियो । गाउँगाउँका विद्यार्थीसँग पुग्नु थियो," प्रधानमन्त्री ओलीले श्रव्यदृश्य सन्देशमा भन्नुभएको छ, "कसैगरी हरविद्यार्थीसँग उत्कृष्ट शिक्षा सामग्रीसहित हौसला पुऱ्याउनु थियो तर चुनौती छन् भनेर उम्किने छुट हामीलाई थिएन । त्यसैले दृढ विश्वासका साथ संसद्मै यस वर्षको एसइई नतिजा सुधार्ने प्रतिबद्धता व्यक्त गरेको थिए । र सुधारका लागि सम्पूर्ण विकल्पहरु अपनायौं ।"

एसइईको परीक्षा सुधार गर्ने अभियान गाउँगाउँका विद्यार्थी भौतिक कक्षाका साथै मोबाइल पढ्न थालेका प्रधानमन्त्री ओलीले बताउनुभयो । उहाँले भौतिक कक्षा र मोबाइलबाहेक मार्गदर्शनको आवश्यकता रहेका विद्यार्थीलाई करिब २०० भन्दा शिक्षकशिक्षिकामार्फत नियमित 'अनलाइन' कक्षासमेत दिइएको जानकारी दिनुभयो ।

"इन्टरनेट नभएको ठाउँमा नेपाल टेलिकमले निःशुल्क डाटाको व्यवस्था गऱ्यो । म आफैंले विद्यार्थीसँग प्रत्यक्ष संवाद गरेर हौसला दिए । जसले गर्दा छोटो समयमा नै एक लाख ५० हजार विद्यार्थी हाम्रो यस अभियानबाट लाभान्वित भए," प्रधानमन्त्री ओलीले भन्नुभएको छ, "तर हाम्रो यी सारा प्रयास हुँदाहुँदै पनि यदि विद्यार्थीको मिहेनत नभएको भए यस वर्षको नतिजामा सुधार हुने थिएन ।"

प्रधानमन्त्री ओलीले परीक्षामा सफलता पाउन नसकेका विद्यार्थीलाई यसैलाई जीवनको अन्तिम परीक्षा नठान्नसमेत आग्रह गर्नुभयो । उहाँले श्रव्यदृश्य सन्देशमा सरकारले एसइई परीक्षा सुधार्न गर्न थालेको अभियान मौका परीक्षा दिने विद्यार्थी र आगामी वर्ष एसइई दिने विद्यार्थी सबैका लागि जारी रहेको भन्दै यसबाट लाभ उठाउन आग्रह गर्नुभयो ।

# मधेस प्रदेशमा व्यावसायिक पशुपन्छीपालन कार्यक्रम सञ्चालन

महोत्तरी, १५ असार (रासस)।

मधेस प्रदेशका आठवटै जिल्लामा मासुका लागि व्यावसायिक पशुपन्छीपालन कार्यक्रम सञ्चालनमा आएको छ। यसबाट किसान उत्साहित भएका छन्।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर कार्यालय बर्दिबासले मासुजन्य प्रयोजनका पशुपन्छीपालन कार्यक्रम सञ्चालनमा ल्याएको हो।

प्रदेशका पूर्वपश्चिम राजमार्ग र हुलाकी मार्गले छोएका ८४ स्थानीय तहमा आयोजना कार्यालयले समूहगत माग र प्रतिबद्धताका आधारमा बाख्रा, राँगा र बङ्गुरसहितका पशु र कुखुरा तथा हाँसजस्ता मासु प्रयोजनका पन्छीपालनमा किसानलाई समूहगत रूपमा अनुदान दिने गरेको छ।

आयोजना कार्यालयले समूहगत रूपमा प्रस्ताव गरिएका योजनामा तिनको बजारको सुनिश्चितताको अध्ययन गरी अनुदान दिने गरेको छ। प्रदेशभरिमा अहिले अनुदानको प्रक्रियामा रहेका एक सय १० समूहमध्ये २० मासु प्रयोजनका पशुपन्छीपालनमा रहेका आयोजना कार्यालयका प्रमुख राजेश साह बताउनुभयो। यी समूहमा अनुदान दिइएको कार्यालयले जनाएको छ।

"हामीले खेतीपाती, दूध र मासु उत्पादनमा किसान समूहलाई अनुदान दिने गरेका छौँ, अनुदान कुल लागतको ४५ देखि ५० प्रतिशतसम्म दिने व्यवस्था छ", उहाँ भन्नुहुन्छ, "आर्थिक उपार्जनको काममा योजनाबद्ध भई लाग्ने किसानका लागि यो निकै ठूलो भरथेग हो।" प्रदेशमा अहिले अनुदान पाएका र पाउने चरणमा रहेका एक सय १० किसान समूह रहेका कार्यालयले जनाएको छ। आयोजनाले समेटेका स्थानीय तहहरू सप्तरीमा १६, सिरहामा १२, धनुषा आठ, महोत्तरीमा १०, सर्लाहीमा ११, रौतहटका नौ, बारामा ११ र पर्साका नौ छन्। यीमध्ये मासु उत्पादनका लागि पशुपन्छीपालन गर्ने २० समूहमध्ये १३ वटाले बाख्रापालन गरेका छन्। यसैगरी बङ्गुर पाल्ने दुई समूह छन्। अन्य पाँचले राँगा, हाँस र कुखुरापालन थालेका कार्यालय प्रमुख साहले बताउनुभयो। किसानका यस्ता समूहमा एउटामा १५ देखि ५० जनासम्म आबद्ध हुनसक्ने व्यवस्था छ। अहिले यी किसान समूहमा पाँच हजार किसान जोडिएका छन्।

कार्यालयले तरकारीखेती, दूध उत्पादन र मासुका लागि पशुपन्छीपालनमा किसानलाई सामूहिक रूपमा उपलब्ध गराउने अनुदान व्यक्तिव्यक्तिमा भने सम्बन्धित समूहबाट जाने गरेको कार्यालयले स्पष्ट पारेको छ। आयोजनाले नयाँ प्रविधियुक्त योजना तिनको उत्पादन र बजारको सुनिश्चितता देखिएपछि अनुदान दिने गरेको छ। उत्पादनमूलक साझेदारीको मर्मअनुरुप सञ्चालन हुने व्यवसायलाई प्रवर्द्धन गर्न दिइने अनुदानलाई आयोजनाले 'स्टार्टअप' भन्ने गरेको छ।

मासुका लागि पशुपन्छीपालन गर्ने समूहहरूले उन्नत जातका बाख्रा, बङ्गुर र राँगासहित २० हजार पुर्‍याउने लक्ष्य लिएका छन्। पछिल्लो समयमा बोयर जातका बाख्राबाट उत्पादन हुने पाठापाठीले सिङ्गो मधेस 'बोयर बाख्राको ठाउँ' भनी पहिचान गराउने गरी काम अघि बढेको महोत्तरीको सम्सी-६ का मोहम्मद समसुल बताउनुहुन्छ। यो कामले अब मधेस मासुमा आत्मनिर्भर बन्नेगरी अघि बढेको कार्यालयको मूल्याङ्कन छ।

पछिल्ला दिनमा मासुका लागि पशुपन्छीपालनको योजना पूर्ण सञ्चालनमा आउँदा १० हजार किलोग्रामभन्दा बढी दैनिक मासु उत्पादनको सुनिश्चितता हुने कार्यालयका सूचना अधिकारी सन्तोष प्रकाशको भनाइ छ। कार्यालयले मासुमा आत्मनिर्भर हुनसँगै मधेस दूधमा पनि आत्मनिर्भर बन्ने बाटोमा अघि बढेको छ। यहाँ दूध उत्पादन प्रयोजनका लागि ५० वटा समूहले दुधालु मुर्रा भैंसीपालन थालेका छन्। मधेसमा दिनहुँ २० हजार लिटर दूध यी समूहमै उत्पादन हुन्छ। मासु र दूधमा आत्मनिर्भर हुने बाटोले यहाँका किसानको आर्थिक अवस्थामा राम्रो सुधार आउने कार्यालयको निष्कर्ष छ।

आयोजनाले कृषि र पशुपन्छी पालनलक्षित व्यवसायलाई सहयोग पुर्‍याउन प्रदेशका ३५ ठाउँमा आधुनिक सुविधासहितको एकीकृत कृषि सेवा केन्द्र भवन बनाउँदै छ। यीमध्ये १० निर्माण भइसकेका र अन्य अन्तिम चरणमा रहेका कार्यालयले जनाएको छ। रु ९१ करोडको लागतमा बनेका र बन्दै गरेका यी भवनबाट समूहमा आबद्ध किसानले माटो परीक्षण, पशु उपचारसम्बन्धी कैयन सेवा दिने व्यवस्था गरेको छ।

"एकीकृत सेवा केन्द्रबाट माटो परीक्षण, प्राङ्गारिक खेतीका लागि प्रयोगशाला, पशुवस्तुको गोबर जाँच, उपचार र पशुपन्छीपालनका किसानलाई प्राविधिक सल्लाहको सेवा प्रदान गरिने छ", आयोजनाका पशु चिकित्सक डा विनोद यादवले भन्नुभयो। यो सेवाले किसानलाई आफ्नो काम व्यवसायीककरण गर्न सघाउ पुग्ने कार्यालयको विश्वास छ।

मधेसको समृद्धि कृषि तथा पशुपन्छीपालनको व्यवसायीकरणबाटै सम्भव हुने आयोजनाको ठम्याइ छ। करिब ८० प्रतिशतको हाराहारीको जनसङ्ख्या कृषिमा निर्भर रहँदा यिनलाई आर्थिक रूपमा उठाउन अनुदान व्यवस्था अघि बढाएको आयोजना प्रमुख साह बताउनुहुन्छ।

# 'वित्तीय अनुशासन कायम गर्न बेरुजु घटाउन आवश्यक'

काठमाडौँ, १५ असार (रासस)।

संवैधानिक निकाय, तीन तहका सरकार तथा सार्वजनिक संस्थानहरुले नियमित लेखापरीक्षण गर्ने तथा देखिएको बेरुजु घटाएर वित्तीय अनुशासन कायम गर्नुपर्नेमा जोड दिइएको छ। वित्तीय अनुशासनलाई कायम गर्न बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको हो।

महालेखापरीक्षकको कार्यालयको ६७औँ वार्षिकोत्सव अवसरमा आज यहाँ आयोजित कार्यक्रममा सभामुख देवराज घिमिरेले सरकारी निकायमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका लागि महालेखापरीक्षकको कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्नुभयो। उहाँले लेखापरीक्षणमार्फत् सार्वजनिक स्रोत-साधनको सदुपयोग र वित्तीय अनुशासन कायम गर्न थप गम्भीर हुन बताउनुभयो। "बेजुरु घटाउन सबै निकायले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्ने, कर्मचारीको क्षमता वृद्धि तथा सचेतनाका लागि आवश्यक पहल गर्ने, संस्थागत सुशासन कायम राख्न र सार्वजनिक संस्थानहरूको वित्तीय स्वास्थ्य सबल राख्न महालेखाले दिएका सुझाव प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ", सभामुख घिमिरेले भन्नुभयो।

सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले सार्वजनिक स्रोत साधनको प्रयोगमा अनुशासन कायम गर्न आवश्यक भएको बताउनुभयो। उहाँले महालेखापरीक्षकको कार्यालय र लेखा समितिबीचको सम्बन्ध सुमधुर रहेको चर्चा गर्दै बेरुजु फछ्र्यौट समितिको एकल प्रयास पर्याप्त नहुने बताउनुभयो। "सार्वजनिक लेखा समितिले मात्र बेरुजु समस्या समाधान गर्न सक्दैन। यसका लागि सम्बन्धित कार्यालय पनि जिम्मेवार हुनुपर्छ।", उहाँले भन्नुभयो।

महालेखापरीक्षक तोयम रायाले सार्वजनिक निकायले लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका समयमै कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले "वित्तीय सुशासन कायम राख्न सबै संवैधानिक निकाय, मन्त्रालय, विभाग, प्रदेश तथा स्थानीय सरकार र सार्वजनिक संस्थाहरुको जिम्मेवारी हो ", उहाँले भन्नुभयो।

महालेखापरीक्षकको कार्यालयले हाल बक्यौता लेखापरीक्षण, जोखिममा आधारित लेखापरीक्षण, कार्यमूलक तथा विशेष लेखापरीक्षण, वातावरणीय लेखापरीक्षण, सूचना प्रविधिसम्बन्धी लेखापरीक्षण, सङ्गठित संस्थाको लेखापरीक्षण र औचित्यमूलक लेखापरीक्षण गर्दै आएको छ। यसका लागि वार्षिक कार्यतालिकासमेत प्रकाशित गरी नियमानुसार काम अघि बढाइएको जनाइएको छ।

महालेखापरीक्षकको ६२औँ वार्षिक प्रतिवेदन २०८२ अनुसार सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु रू सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख बराबर छ। अद्यावधिक बेरुजु गतवर्षको भन्दा नौ दशमलव ४५ प्रतिशतले बढेको छ। त्यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम रु पाँच खर्ब ५१ अर्ब एक करोड गरी हालसम्मको बेरुजु रू १२ खर्ब ८४ अर्ब २० करोड बराबर पुगिसकेको छ। प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा मात्र रु ९१ अर्ब ५९ करोड ७९ लाख बराबर बेरुजु थपिएको छ।

त्यस अवसरमा शून्य बेरुजु कायम गर्न सफल काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिकालाई सम्मानित गरिएको थियो। न्यून बेरुजु रहेका प्रत्येक प्रदेशबाट एउटा पालिका र उत्कृष्ट कर्मचारीलाई पनि पुरस्कृत गरिएको थियो।

## विश्व समाचार

### इजरायली प्रधानमन्त्री नेतान्याहुविरुद्धको मुद्दा 'राजनीतिक प्रतिशोध' का रूपमा आएको ट्रम्पको भनाइ

वासिङ्टन, १५ असार (रासस/(एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार (अमेरिकी स्थानीय समय) इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु विरुद्धको मुद्दाको निरन्तरता 'राजनीतिक प्रतिशोध' का रूपमा आएको बताउनुभएको छ।

अनादोलु एजेन्सीका अनुसार इजरायली प्रधानमन्त्री नेतान्याहु हाल घुसखोरी, ठगी र विश्वासघातको आरोप सहितको केस १,०००, २,००० र ४,००० भनेर चिनिने तीन अलग-अलग कथित भ्रष्टाचार आरोपको मुद्दामा हुनुहुन्छ। यद्यपि नेतान्याहुले सबै आरोपलाई 'नक्कली' भन्दै अस्वीकार गर्दै आउनुभएको छ।

ट्रुथ सोसलमा एक पोस्टमा दुःख व्यक्त गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले 'यो एक डरलाग्दो अवस्था हो जहाँ इजरायली प्रधानमन्त्रीले हमाससँग सम्झौता वार्ताको बीचमा अदालतमा समय बिताउनुपर्ने अवस्था छ' भन्नुभयो।

"उनीहरूले इजरायलमा बीबी नेतान्याहुलाई जे गरिरहेका छन् त्यो भयानक छ। उहाँ एक युद्ध नायक र एक प्रधानमन्त्री हुनुहुन्छ जसले इरानमा खतरनाक आणविक खतराबाट छुटकारा पाउन ठूलो सफलता ल्याउन संयुक्त राज्य अमेरिकासँग काम गरेर उत्कृष्ट काम गर्नुभयो", ट्रम्पले लेख्नुभएको छ, "महत्त्वपूर्ण कुरा के छ भने उहाँ अहिले हमाससँग सम्झौता गर्ने प्रक्रियामा हुनुहुन्छ, जसमा बन्धकहरू फिर्ता लिनु समावेश छ। यो कसरी सम्भव छ कि इजरायलका प्रधानमन्त्रीलाई दिनभरि अदालतको कोठामा बस्न बाध्य पार्न सकिन्छ, केही पनि होइन (सिगार, बग बनी डल, आदि)। यो एउटा राजनीतिक प्रतिशोध हो, जुन मलाई लगाएजस्तै हो।"

कार्यको अन्यायपूर्ण प्रकृतिलाई जोड दिँदै ट्रम्पले 'न्याय' को उपहासले इरान र हमास दुवै वार्तामा हस्तक्षेप गर्ने बताउनुभयो।

"'न्याय' को यो उपहासले इरान र हमास दुवै वार्तामा हस्तक्षेप गर्नेछ। अर्को शब्दमा भन्नुपर्दा, नियन्त्रण बाहिरका अभियोजकहरूले बीबी नेतान्याहुलाई जे गरिरहेका छन् त्यो पागलपन हो", उहाँले लेख्नुभएको छ, "संयुक्त राज्य अमेरिकाले इजरायलको सुरक्षा र समर्थन गर्न एक वर्षमा अर्बौं डलर खर्च गर्दछ, जुन अन्य कुनै पनि राष्ट्रमा भन्दा धेरै हो। हामी यसका लागि खडा हुन गइरहेका छैनौँ। हामीले भर्खरै प्रधानमन्त्री बीबी नेतान्याहुको नेतृत्वमा ठूलो विजय प्राप्त गर्‍यौँ र यसले हाम्रो विजयलाई धेरै कलङ्कित गर्दछ। बीबीलाई जान दिनुहोस्, उहाँले ठूलो काम गर्न बाँकी छ!"

सन् २०२० मे महिनामा सुरु भएको नेतान्याहुको मुद्दा, पहिलो पटक इजरायली प्रधानमन्त्रीले आपराधिक प्रतिवादीको रूपमा उभिएको छ र इजरायली कानूनअन्तर्गत नेतन्याहु सर्वोच्च अदालतले दोषी ठहर नगरेसम्म राजीनामा दिन बाध्य नहुने अनादोलु एजेन्सीले बताएको छ।

यसबाहेक हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) ले पनि इजरायली प्रधानमन्त्रीविरुद्ध 'मानवता विरुद्धको अपराध र युद्ध अपराध' को आरोप लगाउँदै गिरफ्तारी वारेन्ट जारी गरेको थियो।

आरोपहरूमा नागरिकहरूलाई लक्षित गरेको र गाजामा भोकमरीका नीतिहरू लागु गरेको आरोपहरू समावेश छन्।

यसअघि बुधबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायली प्रधानमन्त्री नेतान्याहुको चलिरहेको भ्रष्टाचारको मुद्दालाई 'तत्काल' रद्द गर्न आह्वान गर्नुभएको थियो। अमेरिकाले इजरायली प्रधानमन्त्रीलाई 'बचाउनेछ' भनी उल्लेख गर्दै इजरायली न्यायपालिकाले राजनीतिक रूपमा प्रेरित 'राजनीतिक प्रतिशोध' का रूपमा कार्यवाहीको निन्दा गर्नुभयो।

ट्रम्पका अनुसार घुसखोरी र ठगी जस्ता धेरै मामिला समावेश भएको नेतान्याहु विरुद्धको आरोपहरू राजनीतिक रूपमा प्रेरित छन् र 'सिगार, बग्स बनी गुडिया र अन्य धेरै अनुचित आरोपहरू' सहित तुच्छ आरोपहरूमा आधारित छन्।

उहाँले नेतन्याहुलाई पदमा रहँदा मुद्दाको सामना गर्ने पहिलो इजरायली प्रधानमन्त्री बनाउँदा यस मुद्दालाई 'हरर सो' का रूपमा चित्रण गर्नुभयो सन् २०२० देखि तानिएको छ।

### तेहरानस्थित इभिन जेलमा इजरायली आक्रमणमा ७१ जनाको मृत्यु भएको पुष्टि

तेहरान, १५ असार (रासस/एएफपी)।

तेहरानको इभिन कारागारमा यस महिनाको १२ दिनसम्म चलेको युद्धका क्रममा इजरायली आक्रमणमा परी कम्तीमा ७१ जनाको मृत्यु भएको इरानको न्यायपालिकाले आइतबार जनाएको छ। तेहरानको उत्तरमा रहेको इभिनमा सोमबार भएको आक्रमणले प्रशासनिक भवनको केही भाग ध्वस्त पारेको थियो।उक्त जेलमा राजनीतिक बन्दी र विदेशी नागरिकहरू रहेको अधिकारवादी समूहहरूले बताएका छन्।

"इभिन जेलमा भएको आक्रमणमा ७१ जनाको मृत्यु भएको पुष्टि भएको छ,"इरान सरकारद्वारा गराइएको औपचारिक जानकारीमा भनिएको छ। इजरायलले जुन १३ मा सुरु गरेको बमबारी अभियानबाट प्रभावितमध्ये एक स्थान इभिन जेल रहेको न्यायपालिकाका प्रवक्ता असगर जहाँगीरले बताउनुभयो।

जहाँगीरका अनुसार इभिनमा मारिएकाहरूमा प्रशासनिक कर्मचारी, गार्ड, कैदी र भेट्न आएका आफन्तहरू साथै जेल नजिक बस्ने केही व्यक्तिपनि थिए। न्यायपालिकाले सार्वजनिक गरेको तस्बिरमा भवनको पर्खाल भत्किएको, छाना भत्किएको, छरिएर रहेका भग्नावशेष र प्रतीक्षालयमा रहेका सतहहरु भत्किएको देख्न सकिन्छ।

इभिनको मेडिकल सेन्टर र भिजिटिङ रुमलाई निशाना बनाइएकोअदालतले बताएको छ। आक्रमणको एक दिनपछि मङ्गलबार इरानी जेल प्रशासनले इभिन जेलबाट पहिचान नै नगरी कैदीलाई बाहिर स्थानान्तरण गरेको बताएको थियो। इभिनमा नोबेल शान्ति पुरस्कार विजेता नार्गेस मोहम्मदी, केही फ्रान्सेली नागरिक र अन्य विदेशी नागरिक रहेका छन्।

# 'आधुनिक खेती प्रणालीमार्फत किसानको जीवनस्तर उकास्न प्रदेश सरकार प्रतिबद्ध छ'

**दैनिक समाचारदाता**
**जनकपुर, १५ असार ।**
राष्ट्रिय धान दिवसको अवसरमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सम्पूर्ण मधेशवासी र देशभरका किसानहरुलाई शुभकामना व्यक्त गरेका छन् । उनले आधुनिकखेती प्रणालीमार्फत किसानको जीवनस्तर उकास्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

मुख्यमन्त्री सिंहले कृषिलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा लिँदै खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्न प्रदेश सरकारले 'मधेशले देशलाई खुवाउने' दीर्घकालीन अभियान अघि बढाएको बताएका छन् । 'उत्पादन मधेशमा, विस्तार देशमा' भन्ने मूल नारालाई आधार मानेर कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै कृषिजन्य वस्तुको आयात घटाउने र निर्यात प्रवर्द्धन गर्ने सरकारको स्पष्ट रणनीति रहेको उनले उल्लेख गरे ।

उनका अनुसार धान उत्पादनलाई सुदृढ बनाउने लक्ष्यका साथ 'दुई धान बाली प्रवर्द्धन कार्यक्रम' कार्यान्वयनमा ल्याइएको छ । साथै माटोको उर्वरता सुधार, सिँचाइमा आत्मनिर्भरता, यान्त्रीकरण, विद्युतीकरण र व्यवसायीकरणलाई सरकारले उच्च प्राथमिकतामा राखेको उनले जानकारी दिए ।

मुख्यमन्त्री सिंहले जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्दै जलवायुमैत्री प्रविधिको अनुसन्धान, विकास र प्रवर्द्धनमार्फत धान बालीको दिगो विकास सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताए । आधुनिक खेती प्रणालीको विस्तार, उन्नत बीउ, मल तथा सिँचाइ सुविधाको सहज पहुँचमा पुर्‍याउँदै किसानको जीवनस्तर उकास्न सरकार निरन्तर सक्रिय रहेको उनले उल्लेख गरे ।

"राष्ट्रिय धान दिवसले हामी सबैलाई खाद्य सुरक्षामा आत्मनिर्भर बन्ने साझा सङ्कल्प र प्रेरणा मिलोस्", उनले भने, "सम्पूर्ण किसान दाजुभाइ दिदीबहिनीप्रति सम्मानसहित शुभकामना व्यक्त गर्दछु ।"

# संघीय लोकतान्त्रिक मोर्चाले ६ प्रदेशमा सभा गर्ने



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**
संघीय लोकतान्त्रिक मोर्चाले ६ प्रदेशमा सभा गर्ने भएको छ । आइतबार काठमाडौँमा बसेको मोर्चाको बैठकले मोर्चाको उद्देश्य, औचित्य र आवश्यकताबारे प्रकाश पार्न काठमाडौं, भैरहवा, कैलाली, विराटनगर, जनकपुर र वीरगञ्जमा सभा आयोजना गर्ने निर्णय गरेको हो ।

जसअनुसार काठमाडौँमा साउन १७ गते सभा आयोजना गर्ने मोर्चाले बताएको छ । भैरहवामा आगामी साउन २१ गते, कैलालीमा साउन २३ गते, विराटनगरमा भदौ १६ गते, जनकपुरमा भदौ १८ गते र वीरगञ्जमा भदौ २० गते सभा आयोजना गर्ने मोर्चाको तयारी छ ।

बैठकले संघीय लोकतान्त्रिक मोर्चाको कार्यविधि २०८२ पारित गरेको र आइतबारकै मितिबाट लागू गर्ने निर्णय गरेको राष्ट्रिय मुक्ति पार्टीका नेता केशव झाले जानकारी दिए ।

नाउपाका संरक्षक चौधरीको अध्यक्षतामा भएको बैठकमा जसपा नेपालका राजकिशोर यादव, मनिष सुमन, शर्मा, नाउपाबाट संरक्षक चौधरी, लालबीर चौधरी, अरुण चौधरी, राष्ट्रिय मुक्ति पार्टीबाट राजेन्द्र महतो, केशव झा र अनिल महासेठ सहभागी भएका थिए ।

त्यस्तै लोसपाबाट महन्थ ठाकुर, सर्वेन्द्रनाथ शुक्ल, लक्ष्मणलाल कर्ण, ज्ञानेन्द्र झा, जनमत पार्टीबाट अब्दुल खान, जनता प्रगातिशील पार्टीबाट हृदयेश त्रिपाठी, शिवजी यादव, सबिर हुसेन र तमलोपाबाट वृषेशचन्द्र लाल र ब्रजकिशोर सिंह बैठकमा सहभागी थिए ।

# 'प्रहरीको सरुवा र बढुवा प्रणालीलाई ऐनमार्फत व्यवस्थित गर्नुपर्छ'

काठमाडौँ, १५ असार (रासस) ।
प्रतिनिधिसभाका सांसदहरुले प्रहरी सङ्गठनलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने विषयलाई कानुनमै व्यवस्था गर्नुपर्नेमा जोड दिएका छन् ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको आइतबारको बैठकमा 'नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्ने बनेको विधेयक' माथि संशोधन प्रस्ताव दर्ता गराउनुहुने सांसदसँगको छलफलका क्रममा सांसद विमला सुवेदीले म्यादी प्रहरीसम्बन्धी व्यवस्थालाई प्रहरी ऐनमै समावेश गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद शेरबहादुर कुँवरले प्रहरी ऐनमार्फत प्रहरी सेवालाई भरपर्दो, विश्वासनीय, जनताप्रति उत्तरदायी र व्यावहारिक बनाउनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "प्रहरी सङ्गठनमाथि भइरहेको राजनीतिक हस्तक्षेप बन्द गर्ने गरी प्रहरी ऐन बनाउनुपर्छ, सरुवा र बढुवा प्रणालीलाई थप व्यवस्थित गर्नुपर्छ ।"

सांसद प्रकाश ज्वालाले प्रहरी ऐनमा प्रहरीको कार्य व्यवस्था र क्षेत्राधिकार प्रष्ट रुपमा किटान गरेर लेख्नुपर्ने बताउनुभयो ।

सांसद विराजभक्त श्रेष्ठले ट्राफिक प्रहरीलाई थप व्यवस्थित गर्ने गरी प्रहरी ऐन बनाउनुपर्ने धारण राख्नुभयो । प्रहरी सङ्गठनलाई प्रविधिमैत्री बनाउनुपर्ने उहाँको भनाइ छ ।

सांसद सूर्य थापाले प्रहरीको बढुवा ज्येष्ठताको आधारमा हुनुपर्ने बताउनुभयो । राज्य व्यवस्था समितिमा छलफलको क्रममा रहेको प्रहरी विधेयकमा प्रहरीको कर्तव्य र अधिकार, सेवाको गठन, प्रशासन र सञ्चालन, प्रहरी महानिरीक्षकको नियुक्ति, काम, नेपाल प्रहरी सेवाको पदपूर्ति, सरुवा र काज, बढुवा, तलब, भत्ता तथा अन्य सुविधा, अवकाश, उपदान तथा निवृत्तीभरण, आचरण र विभागीय सजाय तथा पुनरावेदन समावेश गरिएको छ । सो विधेयकमा ७४ जना सांसदहरुले संशोधन राख्नुभएको छ ।

### एकआपसमा ...

गम्भीर घाइते भएका छन् ।

शनिबार राति कालाबन्जारतर्फ जाँदै गरेको को.३प. ९६०५ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश १-०२-०५६प.५८६४ नम्बरको मोटरसाइकल एकापसमा ठक्कर खाँदा बाबुछोरासहित तीन जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा ३४ वर्षीय इनर्चन चौधरी, उनका नौ वर्षीय छोरा प्रनिष र अर्का मोटरसाइकल चालक ५१ वर्षीय बिन्दु यादव छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार उनीहरूलाई घाइते अवस्थामा धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिएको र उपचारका क्रममा मृत्यु भएको हो । दुर्घटनामा इनर्चन चौधरीकी ३२ वर्षीया श्रीमती प्रतीक्षा र बिन्दु यादवसँग सवार इटहरी-७ निवासी ३६ वर्षीय रमेश चौधरी गम्भीर घाइते भएका छन् । उनीहरूको धरानस्थित प्रतिष्ठानमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# भ्याट पुनरावलोकन गर्न अर्थमन्त्री पौडेलसमक्ष चेम्बरको ध्यानाकर्षण

काठमाडौँ, १५ असार (रासस) ।
आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत विलासिता र भ्याटमा लगाइएको करमा पुनरावलोकन गर्न नेपाल चेम्बर अफ कमर्सले अर्थमन्त्री विष्णुप्रसाद पौडेलको ध्यानाकर्षण गराएको छ ।

सुनमा प्रस्ताव गरिएको दुई प्रतिशत विलासिता कर र हिरालगायत बहुमूल्य पत्थरमा लगाइएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) अव्यावहारिक र उपभोक्तामा समेत गम्भीर असर गर्ने भएकाले पुनरावलोकन गर्न चेम्बरले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराएको हो । चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको पदाधिकारी टोलीले सिंहदरबारमा अर्थमन्त्री पौडेलसमक्ष बजेटमा उल्लिखित विलासिता कर र भ्याट पुनरावलोकनको व्यवस्था वर्तमान आर्थिक अवस्थाको प्रतिकूल हुने बताएको छ ।

सरकारको कर नीतिले नीतिले सुनचाँदी तथा रत्न आभूषणको व्यवसाय नै सञ्चालन गर्न नसकिने र यो क्षेत्रमा लाखौं जनशक्तिले रोजगारिसमेत गुमाउने अवस्था आएकाले सरकारको निर्णय पुनरावलोकन गर्न अध्यक्ष अग्रवालले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराउनुभयो । चेम्बर पदाधिकारीहरुसँगको भेटका क्रममा अर्थमन्त्री पौडेलले चेम्बर अफ कमर्सले दिएको सुझावलाई आफूले गम्भीरताका साथ लिने प्रतिबद्धता जनाउनुभयो । उहाँले सरोकारवाला निकायसँग छलफल गरेर समस्या समाधान गर्ने बताउनुभयो ।

# निजामती सेवा विधेयक बहुमतले पारित

काठमाडौँ, १५ असार (रासस) ।
प्रतिनिधिसभाको आजको बैठकले 'सङ्घीय निजामती सेवा विधेयक २०८२' पारित गरेको छ । विधेयकमा सङ्घीय निजामति सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गरिएको छ ।

यसअघि बैठकमा सांसदहरु रेखा शर्मा, प्रेम सुवाल, प्रकाश ज्वाला, महेन्द्रबहादुर शाही, जनार्दन शर्मा, अमनलाल मोदी, रणेन्द्र बराइली, प्रभु साहलगायत सांसदले उक्त विधेयकमाथिको छलफलमा भाग लिनुभएको थियो ।

बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले उक्त विधेयक पारित गर्न सदनसमक्ष प्रस्तुत गर्नुभएको थियो ।

## सूचना

सप्तरी क्रिकेट संघको आयोजनामा तथा राजबिराज नगरपालिकाको सहकार्यमा राजबिराज मेयर कप २०८२ सप्तरी प्राइड लिगको सातौं संस्करणको पुरूष सिनियर क्रिकेट प्रतियोगितामा सहभागिताको लागी जिल्लाको १८ वटै पालिकाले क्रिकेट टिम दर्ताका लागी नामाकरण गर्न अनुरोध गरिन्छ ।

सम्पर्क व्यक्ती
रोशन कुमार मण्डल (९८०४१५४९६४)
रबी राय (९८०४७४३५६०)
**नाम दर्ता मिति :** २०८२ असार १५ देखि २० सम्म

**चन्दनकुमार यादब**
**सचिव**
**सप्तरी क्रिकेट संघ, राजबिराज**


प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्राप्त गरौं ।

❖ इलेक्ट्रिसियन, प्लम्बिङ्ग, कम्प्युटर अपरेटिङ्ग, सिलाई–कटाई, मोबाइल मर्मत, कुकिंग एण्ड हस्पिटालिटी, कृषि, तथा पशुपालन जस्ता प्राविधिक ज्ञान प्राप्त गरौं ।
❖ स्वरोजगार बनौं,
❖ कम लागतमा उच्च परिणाम हासिल गरौं,
❖ आत्मनिर्भर र उद्यमशील बनौं,
❖ देशमै रोजगारीको अवसर प्राप्त गरौं,

"जीवनस्तरमा सुधार गरौं"

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*